**वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ मा समयानुकूल संशोधन गर्न आवश्यक राय, सुझाव तथा प्रतिकृयाहरु उपलब्ध गराईदिनुहुन अनुरोध गरिएको सूचना ।**

नेपालमा वातावरण संरक्षण ऐन, २०५३ तथा तत्सम्बन्धी नियमावली, २०५४ लागू भै सोही बमोजिम हुँदै आएकोमा अहिलेसम्मको विकासक्रमलाई हेर्दा वातावरणीय कानूनको क्षेत्रमा नविनतम अवधारणाहरु विकसित भइरहेका, यसको आवश्यकता र महत्व झनझन बढ्दै गैरहेको, नेपाल दर्जनौं वातावरणसंग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको पक्ष राष्ट्र भैसकेको, वातावरण विभागको स्थापना भैसकेको र मौजुदा ऐन नियमहरुको कार्यान्वयनमा आइपरेका कतिपय समस्याहरुको समाधान गर्न वातावरणीय कानूनमा नै संशोधन गर्नुपर्ने औचित्य र आवश्यकता महसुस गरिएकोले यस वर्ष नेपाल सरकारको नीति तथा कार्यक्रममा नै वातावरण कानूनको संशोधनको विषय समावेश भएको र यस मन्त्रालयबाट तत्सम्बन्धी काम कारबाहीको प्रकृया शुरु गरिएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दै ऐ. ऐन तथा नियमावलीलाई समयानुकूल, व्यवस्थित, वैज्ञानिक, व्यवहारिक, प्रभावकारी र थप उपलब्धीमूलक बनाउन आवश्यक पर्ने सुधारका विषयहरु सहितका सुझावहरु उपलब्ध गराई दिनुहुन सम्बन्धित सबैमा यो मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

<u>सुझाव पठाउने ठेगानाः</u>

कानून तथा फैसला कार्यान्वयन शाखा,
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।
फ्याक्स नं. ४२११९५४
email: info@moste.gov.np